# प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**<u>प्रस्तावनाः</u>** प्रदेशभित्र लगानीमैत्री वातावरण सृजना गरी उपलव्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट उत्पादन अभिवृद्धि गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नका लागि औद्योगिक विकास र उद्यमशीलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दिगो प्रादेशिक अर्थतन्त्र निर्माण तथा प्रादेशिकआर्थिक सम्बृद्धिका लागि प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धी कानून तर्जुमा गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम "सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन २०७५" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) उद्योग भन्नाले दफा १६ बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले निर्देशनालय सम्झनु पर्छ र सो शब्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायलाई समेत जनाउँछ ।

(ग) "कार्यालय" भन्नाले यस ऐन बमोजिमको कामका लागि तोकेको कार्यालय सम्झनु पर्छ ।

(घ) "घरेलु उद्योग" भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ङ) "ठूला उद्योग" भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "निर्देशनालय" भन्नाले उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ ।

(ज) "निर्यातमूलक उद्योग" भन्नाले उर्जामूलक बाहेक आफ्नो उत्पादनको कम्तीमा एकाउन्न प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(झ) "प्रादेशिक प्राथमिकताप्राप्त उद्योग" भन्नाले दफा १८ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ञ) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवामार्क, भौगोलिक संकेत चिन्ह, व्यापारिक गोपनीयता लगायत सोसँग सम्बन्धित अन्य औद्योगिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ट) "मझौला उद्योग" भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश स्थित उद्योग हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ड) “लघु उद्यम” भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (क) बमोजिमका उद्योग सम्झनुपर्छ ।

(ढ) “समिति” भन्नाले दफा १९बमोजिम गठित उद्योग तथा लगानी प्रबर्धन समिति सम्झनु पर्छ ।

(ण) “साना उद्योग” भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(त) “स्थिर पुँजी” भन्नाले दफा १७ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

## परिच्छेद – २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

**३. उद्योग दर्ता गराउनुपर्नेः** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट प्रचलित कानुन बमोजिम स्थापना भै संचालनमा रहेका र हाल प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ । त्यस्ता उद्योगले प्रदेशको उद्योग दर्ता गर्ने निकायमा यो ऐन लागू भएको मितिले एक बर्ष भित्र अभिलेखीकरण गरी अद्यावधिक गर्नु पर्नेछ ।

**४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) निवेदन तथा स्वीकृति सम्बन्धी काममा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ ।

(३) लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

**५. उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने खालको उद्योग भएमा सो कार्य गरी सम्बन्धीत निकायबाट स्वीकृत भए पश्चात् मात्र उद्योग दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिन थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात माग गरिउद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका साथै देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछः–

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमाउद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

**६. प्रदेश सरकारले उद्योग स्थापना र सञ्चालन गर्न सक्नेः** यस ऐन र प्रचलित कानुन बमोजिम प्रदेश सरकारले स्थानीय तह, सार्वजनिक, सरकारी, निजी क्षेत्रको सहभागितामा निश्चित आधार, शर्त र मापदण्डहरू तोकि उद्योग स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**७. अनुमति लिनुपर्ने उद्योगः** प्रचलित संघिय औद्योगिक व्यवसाय ऐन बमोजिम अनुमति लिनुपर्ने उद्योगको हकमा सोही ऐन अनुसार हुनेछ ।

**८. वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्नेः**(१) उद्योग स्थापना तथा सञ्चालनका क्रममा स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेखित विषयको पुर्ण पालना गर्नुको साथै सम्बन्धित उद्योगले वातावरणमा पर्न सक्ने थप प्रतिकूल असरको निराकरण गर्नुपर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम उद्योग दर्ता गरे पश्चात् वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउन मिल्ने भएमा सम्बन्धित निकायले वातावरणीय प्रतिवेदन स्वीकृत नगरेमा वा वातावरणीय प्रतिवेदनबाट सो उद्योग वातावरणीय कानुनको मापदण्ड विपरित देखिएमा सो उद्योगको दर्ता गर्ने निकायले दर्ता खारेज गर्न सक्नेछ । तर यसरी दर्ता खारेज गर्नुअघि वातावरणीय कानुन तथा मापदण्ड पालना गर्ने मनाशिव माफिकको समय दिनुपर्नेछ ।

**९. उजूरी गर्न सक्नेः** (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र मन्त्रालयसमक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मन्त्रालयले उजूरी उपर आवश्यक जाँचबुझ गरी उजूरी परेको मितिले तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

**१०. व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगलेउद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको दर्ता खारेज गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता खारेज भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा कारण खुलाइ खारेज भएको व्यहोरा जनाई अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

**११. अनुगमन गर्नेः** (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नुपर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१२. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्नेः** (१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकायसमक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरेपश्चात उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेशभित्रको कुनै एक स्थानबाट अर्को स्थानमा उद्योग स्थानान्तरण गर्नुपरेमा सम्बन्धित स्थानीय तह र सम्बन्धित जिल्लाको उद्योग दर्ता गर्ने कार्यालयको सहमति लिनुपर्नेछ ।

(४) एक प्रदेशबाट अर्को प्रदेशमा उद्योग स्थानान्तरण गर्नुपरेमा उद्योग स्थानान्तरण हुने प्रदेशको स्विकृति लिइ गर्नुपर्नेछ । यसरी स्थानान्तरण गर्दा स्थानान्तरण हुने प्रदेशको प्रचलित औद्योगिक व्यवसाय ऐन तथा नियमावलीले तोकेको कार्यविधी र प्रकृया पुरा गर्नुपर्नेछ ।

**१३. विवरण उपलब्ध गराउनु पर्नेः** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

**१४. उद्योग बन्द गरेमा जानकारी दिनुपर्नेः**(१) यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले एक महिनाभित्र त्यसको जानकारी तोकिए बमोजिम उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ ।

(२) उद्योगको उत्पादन वा कारोवारमा कुनै किसिमको अवरोध वा बाधा उत्पन्न भएमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमा जानकारी गराएमा सो को निराकरणका लागि उद्योग दर्ता गर्ने निकायले प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सम्बद्ध पक्षहरूवीच आवश्यक पहल तथा सहजीकरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम बन्द वा स्थगन भएको उद्योग पुनः सञ्चालनमा आएमा सो को एक महिनाभित्र उद्योग दर्ता गर्ने निकायमा जानकारी दिनुपर्नेछ ।

**१५. उद्योगको दर्ता खारेज गर्न निवेदन दिन पर्नेः** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा सम्बन्धित उद्योगले निवेदन दिन पर्नेछ ।

तर संघिय वा प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारख गरेको भए उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद – ३
## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी सम्बन्धी व्यवस्था

**१६. उद्योगको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः–

**(क) लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः–

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

**(ख) घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः–

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमाआधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) अनुसूची–१ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

**(ग) साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

**(घ) मझौला उद्योगः** दश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

**(ङ) ठूला उद्योगः** पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिदेशी लगानीमा सञ्चालन भएको र संघिय कानुन बमोजिम नेपाल सरकारको अनुमति लिनुपर्ने जुनसुकै प्रकारको उद्योगहरूको प्रशासन संघिय कानुन अनुसार नै हुनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः–

(क) ऊर्जामूलक उद्योगः ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची–२ मा उल्लिखित उद्योगहरु।

(ख) उत्पादनमूलक उद्योगः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु र कच्चा काठबाट उत्पादित सिजनिङ उद्योग सम्झनु पर्दछ ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योगः कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची–३ मा उल्लिखित उद्योगहरु ।

(घ) खनिज उद्योगः नेपालको संविधान र अन्य प्रचलित कानुनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकार भित्रका खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु

(ङ) निर्माण उद्योगः भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची–४ मा उल्लेख गरिएका उद्योगहरु ।

(च) पर्यटन उद्योगः नेपालको संविधान र अन्य प्रचलित कानुनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकार भित्रकापर्यटन सेवासँग सम्बन्धित अनुसूची–५ मा उल्लिखित उद्योगहरु ।

(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगः नेपालको संविधान र अन्य प्रचलित कानुनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकार भित्रकासूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची–६ मा उल्लिखित उद्योगहरु ।

(ज) सेवामूलक उद्योगः नेपालको संविधान र अन्य प्रचलित कानुनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकार भित्रकासेवा उत्पादन वा प्रदान गर्ने अनुसूची–७ मा उल्लिखित उद्योगहरु ।

(झ) क्रसर उद्योग :- ढुंगाबाट उत्पादित गिट्टी, रेडा, चिप लगायतका उत्पादन गर्ने अनुसूची -४ मा उल्लेखित उद्योग ।

(४) उपदफा (१) मा उल्लेख भए बमोजिमका कुनै उद्योगले आफ्नो पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको पूँजी,क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

**१७. उद्योगको स्थिर पूँजीः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः–

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल, वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछः–

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग सञ्चालन पुर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च ।

**१८. प्रादेशिक प्राथमिकताप्राप्त उद्योगः**(१) यस ऐनको अनुसूची–८ मा उल्लिखित उद्योगहरुलाई प्रादेशिक प्राथमिकताप्राप्त उद्योग मानिनेछ । प्रदेश सरकारले यस अनुसुचीमा आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद–४
## उद्योग तथा लगानी प्रवर्धन समिति सम्बन्धी व्यवस्था

**१९. उद्योग तथा लगानी प्रवर्धन समितिको गठनः** (१) प्रदेशमा उद्योग विकास र औद्योगिकीकरणका लागि आवश्यक सहजीकरण, समिक्षा,समन्वय तथा नीतिगत पृष्ठपोषणका लागि देहाय बमोजिमको एक उद्योग तथा लगानी प्रवर्धनसमिति गठन गरिएको छः–

(क) प्रदेशको उद्योग हेर्ने मन्त्रालयको मन्त्री वा राज्यमन्त्री –अध्यक्ष

(ख) प्रदेशको उद्योग हेर्ने मन्त्रालयको राज्यमन्त्री(उद्योग मन्त्रीले अध्यक्षता गरेको अवस्थामा)-सदस्य

(ग) सहायक मन्त्री -सदस्य

(घ) प्रदेशको प्रमुख सचिव –सदस्य

(ङ) सचिव, प्रदेश आर्थिक मामिला हेर्ने मन्त्रालय–सदस्य

(च) सचिव, प्रदेश भूमि, कृषि हेर्ने मन्त्रालय–सदस्य

(छ) नेपाल राष्ट्र बैंकले तोकेको प्रतिनिधी–सदस्य

(ज) प्रदेश अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ –सदस्य

(झ) प्रदेश अध्यक्ष, नेपाल उद्योग परिसंघ –सदस्य

(ञ) प्रदेश अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ –सदस्य

(ट) प्रदेश उद्योग हेर्ने मन्त्रालयको सचिव–सदस्य–सचिव

(ठ) उद्योग व्यवसायी क्षेत्रको प्रतिनिधित्व हुने गरि कम्तिमा एकजना महिला समेत पर्नेगरि अध्यक्षबाट मनोनित ३ जना सदस्यहरु जसको पदावधि ३ बर्ष रहने ।

(२) समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित प्रदेश सरकारको कुनै अधिकृत कर्मचारी वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय उद्योग हेर्ने मन्त्रालयमा रहनेछ ।

(४) उपदफा (१) बमाजिमको समितिको सदस्य बैठकमा आफै उपस्थित हुनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभइ बैठक सञ्चालन हुने छैन । बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मतदिनेछ ।

(६) समितिको बैठक सम्बन्धी थप कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिले गरेका निर्णयहरू र सम्पादन गरेका कामहरूको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नुपर्नेछ ।

**२०. समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रादेशिक औद्योगिक तथा लगानी प्रवर्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) प्रदेशको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकारसमक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) प्रादेशिक औद्योगिक विकास तथा उद्यमशिलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकारसमक्ष सुझाव तथा सिफारिस पेश गर्ने,

(च) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्न सहजीकरण गर्ने,

(छ) उद्योगको बर्गीकरण सम्बन्धी अनुसुचीमा कुनै थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

(ज) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकारसमक्ष सिफारिस तथा सुझाव पेश गर्ने ।

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेशस्तरका औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडोर रहने क्षेत्र सिफारिस गर्ने,

(ट) प्रदेशमा औद्योगिकरणको गतिलाइ तिब्रता दिन आवश्यक समन्वय गर्ने,

(ठ) उद्योगको उत्पादन वा कारोबारमा कुनै किसिमको अवरोध भएमा सो को निराकरणको लागि प्रदेश सरकार, स्थानीय तह, वा अन्य सम्बद्ध निकायहरूवीच सहजीकरण गर्ने ।

(ड)उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धीत निकायलाई मार्गदर्शन गराउने,

(ढ) एकल विन्दु सेवा केन्द्रबाट उपलब्ध गराउने सुविधा तथा सहुलियत नपाएको भनी लगानीकर्ताले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ण) प्रादेशिक औद्योगिक एकिकृत सुचना प्रणालीको विकास गरी प्रयोगमा ल्याउन प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(त) औद्योगिक विकासको लागि सहजीकरण, समिक्षा तथा समन्वय सम्बन्धी तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**२१. जिल्ला उद्योग प्रवर्धन समन्वय समितिः**(१) जिल्ला स्तरमा लगानी प्रवर्धन तथा उद्योग स्थापनालाई प्रश्रय दिन देहाय बमोजिमको जिल्ला उद्योग प्रबर्धन समन्वय समितिको गठन गरिनेछ ।

(क) जिल्ला समन्वय समिति प्रमुख–संयोजक

(ख) जिल्लाका सबै स्थानीय तहका प्रमुख– सदस्य

(ग) जिल्ला उद्योग वाणिज्य संघ–सदस्य

(घ) जिल्ला घरेलु तथा साना उद्योग महासंघ– सदस्य

(ङ) जिल्ला लघु उद्यमी समूह संघ (डिमेगा)–सदस्य

(च) सरकारी स्वामित्वको बैंक तथा वित्तिय संस्था– सदस्य

(छ) घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख–सदस्य सचिव

(ज) प्रदेश मन्त्रालयले तोकेको १(एक) जना महिला पर्ने गरी २(दुइ) जना सदस्य पदावधि २(दुई) बर्ष रहने ।

(२) समन्वय समितिले सम्बन्धित क्षेत्रका बढीमा २ जना विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

(३) समितिको सचिवालय जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा रहनेछ ।

(४) समितिले बैठक तथा दफा २२ बमोजिमको कार्य गर्ने सम्बन्धी कार्यविधि आफै बनाउनेछ ।

**२२. समितिका काम, कर्तब्य र अधिकारहरुः**(१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) जिल्लामा औद्योगिक तथा लगानी प्रवर्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) जिल्लाको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकारसमक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) जिल्लाको औद्योगिक विकास तथा उद्यमशिलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकारसमक्ष सुझाव तथा सिफारिस पेश गर्ने,

(ङ) जिल्ला स्थित विभिन्न स्थानीय तहमा औद्योगिक विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(च) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकारसमक्ष सिफारिस तथा सुझाव पेश गर्ने ।

(छ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ज) जिल्ला तथा स्थानीय स्तरका औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र पहिचान गरी सिफारिस गर्ने,

(झ) औद्योगिक विकासको लागि सहजीकरण, समिक्षा तथा समन्वय सम्बन्धी तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**२३. एकल बिन्दु सेवा केन्द्रको स्थापनाः** (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै स्थान वा केन्द्रबाट उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारको समन्वय र सहमतिमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालनका सम्बन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा अन्य कुराका अतिरिक्त त्यस्तो सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुरयाइने सेवा, केन्द्रमा रहने निकायगत एकाइहरु र सेवा सञ्चालन समिति समेत तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै स्थानवा केन्द्रबाट समयमै उपलब्ध गराउन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा सञ्चालन समिति गठन गर्नेछ ।

(४) लघु उद्यम, घरेलु उद्योग र साना उद्योगले यस ऐन बमोजिम प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत स्थानीयस्तरबाट नै प्रदान गर्ने प्रयोजनको लागि स्थानीय तहमा आवश्यकता अनुसार तोकिए बमोजिमको एकल बिन्दु सेवा केन्द्र गठन गर्न सकिनेछ ।

**२४. एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यस ऐन अन्तर्गत उद्योगले पाउने छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निर्णय गरी सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रचलित प्रदेश कानुनले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयबद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा सञ्चालन समितिले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नुपर्नेछ ।

(३) एकल बिन्दु सेवा केन्द्र सञ्चालन समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार उपदफा (४) बमोजिम गठित उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।तर उपदफा (१) को खण्ड (ख) मा तोकिएको अधिकार प्रत्यायोजन हुने छैन ।

(४) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूले गर्ने काम कारबाहीको लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ र त्यसरी गठन भएको उपसमितिको काम, कर्तव्य र अधिकार सो समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद –५

## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

**२५. थप सुविधा तथा सहुलियतः**(१) उद्योगलाई प्रदान गरिने सुविधा तथा सहुलियत संघीय ऐनले तोके बमोजिम हुनेछ । प्रदेश सरकारले प्रादेशिक क्षेत्राधिकारभित्र परेका विषयमा तोकिए बमोजिमका थप सुविधाहरु प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित सुविधा तथा सहुलियतका साथै प्रदेशबाट उद्योगहरुले पाउने थप सुविधा तथा सहुलियत देहाय बमोजिम हुनेछन् ः-

(क) यस ऐनको परिधिभित्र रही संघीय वा प्रादेशिक औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका निर्यातमूलक उद्योगलाई प्रदेश सरकारले प्रदेशराजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलव्ध गराउन सक्नेछ ।तर संघीय वा प्रादेशिक औद्योगिक क्षेत्र बाहेकका स्थानमा समेत स्थापना भएका निर्यातमुलक उद्योगलाई सहुलियत उपलब्ध गराउन बाधा पुग्ने छैन ।

(ख) प्रदेश प्राथमिकता प्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि प्रदेशसरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत दिन सक्नेछ ।

(ग) प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारभित्र परेका उद्योगका लागिप्रदेश राजपत्रमा सुचना प्रकाशन गरी जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क, सहुलियत दरमा ऋण उपलब्ध गराउने, अनुदान, पुर्वाधार निर्माणमा सहयोग उपलब्ध गराउन सक्नेछ ।

(घ) प्रदेश सरकारले प्रदेश राजपत्रमा सुचना प्रकाशन गरी महिला उद्यमीहरूलाई लघु उद्यम लगायत अन्य उद्योग खोल्न प्रोत्साहन गरी उद्योग दर्ता, नविकरणमा लाग्ने शुल्क एवं दस्तुरमा छुटको व्यवस्था गर्न सक्नेछ ।

(ङ) प्रदेश सरकारले लघु उद्यमी वा महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राम भित्रको स्थानमा प्राथमिकताको आधारमा तोकिए बमोजिमको सेवा तथा सहुलियत उपलव्ध गराइनेछ ।

**२६. जग्गा सम्बन्धी व्यवस्थाः**(१) यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ ।उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकायमा उद्योग दर्ता गर्दा पेश भएको स्वीकृत स्किम वा परियोजनामा उल्लेख भए जति जग्गा राख्न उद्योगलाई हदबन्दी लाग्ने छैन ।

**२७. औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः**(१) प्रचलित कानून बमोजिम स्थापना भएका तोकिए बमोजिमका उद्योगको लागि प्रदेश सरकारले तोकिए बमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ ।

(२) यस ऐन बमोजिम दर्ता तथा अध्यावधिक भएका उद्योगको सुरक्षाका लागि नियमित सुरक्षाकर्मी आवश्यक परी सम्बन्धीत उद्योगबाट अनुरोध भै आएमा प्रदेश सरकारले आवश्यक सुरक्षाको व्यवस्था मिलाउन सक्नेछ ।

**२८. छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुनेः** यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यसको दुरुपयोग गर्न पाइनेछैन ।

**२९. व्यवसायिक सामाजिक जिम्मेवारीः** (१) मझौला वा ठूला उद्योग वा वार्षिक १५ करोड भन्दा बढी कारोबार गर्ने घरेलु तथा साना उद्योगले वार्षिक मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ । सो बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ । आगामी आर्थिक वर्षको लागि व्यवसायिक सामाजिक जिम्मेवारीको योजना तथा कार्यक्रम बनाउँदा अघिल्लो आर्थिक वर्षको खुद मुनाफालाई आधार मान्न सकिन्छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोबारको रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यवसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । सो विवरणसाथ चालु आर्थिक वर्षको व्यवसायिक सामाजिक जिम्मेवारी बहनको **वातावरण संरक्षण सहितको** योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ ।

## परिच्छेद – ६

## औद्योगिक क्षेत्र सम्बन्धी व्यवस्था

**३०. औद्योगिक करिडोर, पार्क, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्नेः(१)** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डका अधिनमा रही प्रादेशिक औद्योगिक करिडोर, **पार्क,** प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(२) प्रत्येक औद्योगिक पार्क, औद्योगिक क्लस्टर वा औद्योगिक क्षेत्रको स्थापना हुनसक्ने उद्योगको आधारमा वातावरणीय प्रभाव मुल्यांकन गरिनेछ । यस्तो वातावरणीय प्रभाव मुल्यांकनको प्रत्येक दश वर्षमा पुनरावलोकन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम वातावरणीय प्रभाव मुल्यांकन भैसकेपछि उल्लेखित स्थानमा स्थापना हुने उद्योगले छुट्टै वातावरणीय प्रभाव मुल्यांकन गरीरहनुपर्दैन । तर वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा सुझाइएका वातावरणीय प्रभाव न्युनीकरणका उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

(४) औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्र भित्रको जग्गा उद्योग स्थापना तथा सञ्चालनका लागि निश्चित अवधि तोकी लिजमा उपलब्ध गराइनेछ। उद्योग निरन्तर चलीरहेको अवस्थामा लिज थप गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम लिजमा लिएको जग्गामा तोकिएको अवधिभित्र उद्योग सञ्चालनमा नआएमा स्वतः लिज तोडिएको मानिनेछ ।

(६) उद्योगले औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्र भित्रको उद्योग स्थापना तथा सञ्चालनका लागि लिजमा लिएको जग्गामा उद्योग स्थापना बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइनेछैन ।

(७) प्रादेशिक औद्योगिक क्षेत्रको सञ्चालन सम्बन्धी कार्यविधी तोकिए बमोजिम हुनेछ ।

**३१. स्थानीय औद्योगिक क्षेत्रः** (१) स्थानीय तहले भू उपयोग योजनाको आधारमा स्थानीय तहको कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र भनी भू वर्गीकरण गरेमा सोही क्षेत्रमा मात्र यो ऐन अन्तर्गतका उद्योग स्थापना गर्न सकिनेछ ।तर सेवा उद्योग वा प्राविधिक दृष्टिकोणले अलग राख्नुपर्ने खास प्रकृतिको उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा उद्योग स्थापना गर्न बाधा पुग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रतिकुल हुने वा खानी तथा भूगर्भ विभागले भू जोखिमका आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न सकिनेछैन ।

**३२. आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिनेः** (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने प्रादेशिक औद्योगिक क्षेत्र, प्रादेशिक औद्योगिक कोरिडोर, प्रादेशिक औद्योगिक पार्क वा प्रादेशिक औद्योगिक क्लष्टर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन सकिने छैन । त्यसैगरी प्रचलित कानूनले आवासक्षेत्र एवं विशेष प्रयोजनको लागि भनि तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन ।

## परिच्छेद –७

## औद्योगिक जनशक्ति सम्बन्धी व्यवस्था

**३३. औद्योगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशस्तर वा राष्ट्रियस्तरको सार्वजनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) बमोजिम दर्ता गर्ने निकायको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि दर्ता गर्ने निकायले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरे वा नगरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भए वा नभएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा यकिन गरी त्यस्तो जनशक्ति सम्बन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलब्ध हुन नसक्ने अवस्था रहेको देखिएमा श्रम स्वीकृतिको लागि सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, पारिश्रमिक रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा लैजान पाउनेछ ।

(६) सुदृढ औद्योगिक सम्बन्धलाई उत्पादकत्व वृद्धिको प्रवल आधार मानी काम नगर्दाको अवधिको पारिश्रमिक दिनु पर्ने छैन । यस सम्बन्धमा श्रम वा प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(७) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् ।तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुरयाएको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम गठन भएको ट्रिब्युनलमा त्यस्ता विवाद पेश गर्न सकिनेछ । त्यस्तो ट्रिव्युनलबाट भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षलाई मान्य हुनेछ ।

(९) उद्योगमा काम गर्ने कामदारलाई प्रचलित कानुन बमोजिम टेड युनियनको अधिकार हुनेछ ।

**३४. नाबालिगलाई काममा लगाउन नहुनेः** (१) १८ वर्ष सम्मका बालबालिकालाई जोखिमयुक्त काममा लगाउनु हुँदैंन ।

(२) उपदफा (१) बमोजिम प्रचलित कानुनमा तोकिएका जोखिमयुक्त काम बाहेक अन्य काममा नाबालिगलाई लगाउँदा सम्बन्धित कार्य क्षेत्रका विषयमा दिनुपर्ने पर्याप्त निर्देशन वा व्यवसायीक तालिम सम्बन्धी व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ ।

**३५. काम गर्ने समयः** (१) उद्योगले कामदार तथा कर्मचारीलाई प्रतिदिन आठ घण्टा वा सप्ताहमा अठ्चालिस घण्टा भन्दा बढी समय काममा लगाउनु हुँदैंन र प्रत्येक सप्ताहमा एक दिन विदा दिनुपर्नेछ ।

(२) खाजा र आरामको समयः काम रोक्न हुने किसिमको उद्योग प्रतिष्ठानमा कामदार तथा कर्मचारीलाई खाजा खानको लागि आधा घण्टा छुट्टी नदिइ लगातार पाँच घण्टा भन्दा बढी समयसम्म काममा लगाउनु हुँदैंन । काम रोक्न नहुने लगातार चलाइ रहनुपर्ने उद्योग प्रतिष्ठानमा त्यस्तो छुट्टी आलो पालो गरिदिनुपर्नेछ । यस्तो आधा घण्टाको छुट्टीको समय दैनिक काम गर्नुपर्ने समयावधि भित्रकै मानिनेछ ।

(३) कामदार वा कर्मचारीलाई दिनमा आठ घण्टा वा सप्ताहमा अठ्चालिस घण्टा भन्दा बढी समय काममा लगाएमा निजलाई सो बढी समयको लागि साधारण ज्याला दरको डेढी ज्याला दिनुपर्नेछ ।

(४) बढी समय काम गराउँदा सामान्यतः प्रतिदिन चार घण्टा तथा सप्ताहमा बीस घण्टाभन्दा बढी समय काममा लगाउनु हुँदैंन ।

(५) स्तनपान गराउनु पर्ने महिला कामदारका लागि आवश्यकता अनुसार स्तनपान गराउने समय उपलब्ध गराउनु पर्ने छ।

**३६. पारिश्रमिक तथा अन्य सुविधाः** (१) उद्योगमा स्थायी नियुक्ती पाई वा करार सेवा वा ज्यालादारीमा काम गर्ने कामदार वा कर्मचारिको न्यूनतम पारिश्रमिक नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) स्थायी नियुक्ती पाएको कामदार तथा कर्मचारीले प्रत्येक वर्ष एउटा पारिश्रमिक बृद्धि पाउनेछ । यसरी पाउने पारिश्रमिक बृद्धिको रकम सम्बन्धित कामदार वा कर्मचारीको एक दिनको पारिश्रमिक बराबर हुनेछ ।

(३) उद्योगमा स्थायी नियुक्ती पाई वा सेवा करारमा काम गर्ने कामदार वा कर्मचारीको महंगी भत्ता र सुविधा भौगोलिक क्षेत्रलाई समेत आधार मानि नेपाल राष्ट बैंकले निर्धारण गरेको मूल्य बृद्िको आधारमा प्रदेश सरकारले तोक्नेछ ।

(४) कामदार वा कर्मचारीले पाउने पारिश्रमिक, भत्ता र सुविधा दिने दायित्व सम्बन्धित उद्योगको हुनेछ । उद्योगले कामदार वा कर्मचारीको पारिश्रमिक एक महिनाको अवधीमा नबढ्ने गरी साप्ताहिक, पाक्षिक वा मासिक रूपमा निर्धारण गर्न सक्नेछ ।

(५) लिखित सुचना नदिइ वा अनावश्यक माग राखी उद्योगमा काम गर्न नआउने कामदार वा श्रमिकलाई काम नगर्दाको अवधिको पारिश्रमिक दिनुपर्ने छैन ।

**३७. स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) उद्योगले आफ्नो उद्योगमा काम गर्ने कामदार तथा कर्मचारिको लागिउद्योगले देहाय बमोजिमको स्वास्थ्य र सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(क) उद्योग परिसरलाई प्रत्येक दिन सफा गरी आवश्यकता अनुसार किटनाशक औषधी समेतको प्रयोग, समुचित निकासको प्रबन्ध एवं समय समयमा रंग रोगन समेत लगाई फोहर मैलाबाट हुने दुर्गन्ध नआउने गरी सफा सुग्घर राख्ने ।

(ख) काम हुने कोठाहरूमा पर्याप्त हावा र प्रकाश एवं उपयुक्त तापक्रमको प्रबन्ध मिलाउने,

(ग) कामको शिलशिलामा निस्कने रद्दी बस्तु तथा फोहर मैला फ्याक्ने तथा नष्ट गर्ने व्यवस्था गर्ने,

(घ) स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने धुलो, दुषित हावा, बाफ एवं अन्य दुषित पदार्थ काम गर्ने कोठामा जम्मा हुन नदिने,

(ङ) कामको शिलशिलामा वा अन्य कुनै कारणले निस्कने आवाजबाट स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी आवश्यक प्रतिकारात्मक व्यक्तिगत उपकरण एवं कामको प्रकृति अनुसार कम अवाज मात्र निष्कने समुचित व्यवस्था गर्ने,

(च) काम गर्ने कोठा वा स्थानमा कामदार वा कर्मचारिको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी थोरै ठाँउमा धेरै कामदार काममा नलगाउने,

(छ) काम गर्ने ठाउँमा प्रयाप्त उज्यालोको व्यवस्था हुनुपर्ने,

(ज) स्वास्थ्यमा प्रतिकुल असर पार्न सक्ने किसिमको रासायनिक पदार्थहरूको प्रयोग गर्ने वा उत्पादन गर्ने प्रतिष्ठानमा उत्पन्न हुन सक्ने अपतकालिन स्थितिबाट बचाउको लागि आगो निभाउन वा धुन, पखाल्नको लागिपर्याप्त पानीको व्यवस्था गर्ने,

(झ) कामको समयमा स्वास्थ्यकर पिउने पानी पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था गर्ने,

(ञ) महिला तथा पुरूष कामदार वा कर्मचारीको निमित्त पायक पर्ने स्थानमा बेग्ला बेग्लै आधुनिक शौचालयको व्यवस्था गर्ने,

(ट) कामको प्रकृति अनुसार उद्योगको सम्पुर्ण वा केही भागलाई धुम्रपान निषेधित क्षेत्र घोषणा गर्ने,

(ठ) स्वास्थ्यमा प्रतिकुल असर पर्ने खालका उद्योगले कम्तीमा वर्षको एक पटक कामदार वा कर्मचारीहरूको  अनिवार्य रूपमा स्वास्थ्य परिक्षण गराउने ।

(२) ऐना, काँच, पारो, चुम्बक, प्लेट, फलाम, कंक्रिट, सिमेण्ट, चुन, ढुंगा र विष्फोटक पदार्थ प्रयोग हुने उद्योगमा काम गर्दा निस्कने धुलो वा टुक्राबाट कामदार कर्मचारीको आँखामा चोट लाग्नबाट बचाउने आवश्यक सुरक्षात्मक साधनको व्यवस्था गर्नुपर्नेछ ।

(३) वेल्डिंग वा ग्यास कटिंग वा यस्तै अन्य कार्यको सिलसिलामा उत्पन्न हुने हानीकारक किरणबाट आँखाको बचाउ गर्न आवश्यक सुरक्षा सम्बन्धी उपकरणको व्यवस्था गर्नुपर्नेछ।

(४) रासायनिक पदार्थ परिचालन गर्ने कामदार वा कर्मचारीको बचाउको निमित्त आवश्यक व्यक्तिगत सुरक्षात्मक उपकरणको व्यवस्था गर्नुपर्नेछ ।

(५) उद्योगले आगोबाट बचाउको निमित्त आवश्यक व्यक्तिगत सुरक्षात्मक उपकरणको व्यवस्था गर्नुपर्नेछ । आपत्कालिन अवस्थामा सजिलोसँग बाहिर निस्कने सक्ने गरी व्यवस्था गरिएको हुनुपर्नेछ । आगोबाट बचाउको साथै आगो निभाउने यन्त्रहरूका सम्बन्धमा गर्नुपर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) विद्युतीय वा फ्युल वा तापीय शक्तिबाट संचालन हुने खतरनाक मेशिन औजार वा उपकरणहरूको प्रत्येक भागमा बलियो छेकबार लगाउनुपर्नेछ ।

(७) चालू रहेको कुनै खतरनाक मेशिनको कुनै भागको निरीक्षण, लुब्रिकेशन वा मेशिन मिलाउने कार्य गर्नुपरेमा सो कार्यमा तालिम प्राप्त एवं अनुभवी कामदार वा कर्मचारीलाई मात्र लगाउनुपर्नेछ ।

(८) यस दफा अन्तर्गतको सुरक्षा सम्बन्धी व्यवस्थाहरूको स्तर र उद्योगमा प्रयोग हुने अन्य मेशिनरी, औजार वा उपकरणको प्रयोग गर्दा अपनाउनुपर्ने स्वास्थ्य एवं सुरक्षात्मक अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३८. कल्याणकारी व्यवस्थाः** (१) प्रदेश सरकारले कामदार वा कर्मचारीहरूको हित एवं कल्याणको लागि तोकिए बमोजिम एक कल्याणकारी कोष खडा गर्नुपर्नेछ।

(२) उद्योगले कामदार तथा कर्मचारीको दुर्घटना विमाको व्यवस्था गर्नुपर्नेछ ।

(३) कुनै उद्योगको कामदार वा कर्मचारीलाई आफ्नो कामको शिलशिलामा शरीरमा घाउ चोटपटक लागेमा वा अंग भंग भएमा वा मृत्यु भएमा त्यसको क्षतिपूर्ति निज वा निजको परिवारले तोकिए बमोजिम पाउनेछ ।

(४) कामदार वा कर्मचारीहरूले पाउने सार्वजनिक विदा, विरामी विदा, घर विदा, सुत्केरी विदा, कृया विदा, विशेष विदा, पारिश्रमिक रहितको विदा, आदि तोकिए बमोजिम हुनेछ ।

(५) कामदार वा कर्मचारीहरूले पाउने उपादान, संचयकोष र औषधी उपचार सम्बन्धि सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

(६) उद्योगले कामदार तथा कर्मचारीहरूको लागि स्वास्थ्यकर बासस्थानको प्रबन्ध गर्न प्रत्येक वर्ष उद्योगको कूल मुनाफा (ग्रस प्रोफिट) को पाँच प्रतिशतमा नघट्ने गरी रकम छुट्याई क्रमशः बासस्थानको प्रबन्ध गर्दै जानुपर्नेछ ।

**३९. कटौती र पुनः काममा लगाउनेः** (१) विशेष परिस्थितीवश उद्योगको तीन महिना भन्दा बढी अवधीसम्म उत्पादन वा सेवामा कटौती गर्नुपरेमा वा आंशिक वा पूरा बन्द गर्नुपरेमा उद्योगले तोकिएको कार्यालय मार्फत्प्रदेश सरकारको स्वीकृति लिई उद्योगमा कार्यरत केही वा सम्पुर्ण कामदार तथा कर्मचारीको संख्यामा कटौती गर्न सक्नेछ।

(२) सेवा करारमा १ वर्ष वा सो भन्दा बढी काम गरेको कामदार वा कर्मचारी कटौतीमा परेमा प्रत्येक काम गरेको वर्षको आधा महिनाको तलब पाउनेछ ।

(३) कामदार तथा कर्मचारी कटौती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) कटौतीमा परेका कामदार वा कर्मचारीको स्थानमा पुनः काममा लगाउनु परेमा कटौतीमा परेका कामदार वा कर्मचारीलाई प्राथमिकता दिनुपर्नेछ ।

**४०. करार गरी उत्पादन गर्न सक्नेः** (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव– कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन वा हस्तान्तरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव–कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद — ८

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**४१. सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा सम्बन्धित जिल्लाको उद्योग हेर्ने कार्यालयले तोकिए बमोजिम आवश्यक अनुगमन, छानविन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा सम्बन्धित जिल्लाको उद्योग हेर्ने कार्यालयले त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि निर्देशनालयमा पठाउनु पर्नेछ र सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा निर्देशनालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा तीन महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई निर्देशनालयले देहायको कारबाही गर्न सक्नेछः–

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए दश हजार देखि पच्चीस हजार रुपैंयाँसम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म, मझौला तथा ठूला उद्योगको स्तर भए एक लाखदेखि तीन लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(ग) दफा २८ विपरित कार्य गर्ने उद्योगलाई यस ऐन बमोजिमको सुविधा वा सहुलियत नदिने वा त्यस्तो सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको सहुलियत वा सुविधाको रकम असुल गर्ने वा सो बराबरको रकम जरिवाना गर्ने वा दुवै सजाय गर्ने ।

(घ) दफा २९ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा त्यस्तो उद्योगको कुल मुनाफाको कम्तीमा १.५ प्रतिशतले हुन आउने रकम जरिवाना गर्ने,

(ङ) दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय–समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा देहायको उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः–

(१) लघु उद्यमको हकमा पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म,

(२) घरेलु तथा साना उद्योगको हकमा दुई लाख देखि पाँच लाख रुपैंयाँसम्म,

(३) मझौला उद्योगको हकमा पाँच लाख देखि दश लाख रुपैंयाँसम्म, वा

(४) ठूला उद्योगको हकमा पन्ध्र लाख देखि तीस लाख रुपैंयाँसम्म ।

(च) खण्ड (घ) बमोजिम जरिवाना गर्दा समेत दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने ।

(छ) दफा १३ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि लघु उद्यमलाई पाँच हजार रूपैंयाको दरले, घरेलु उद्योगलाई दश हजार रूपैंयाको दरले, साना उद्योगलाई बीसहजारका दरले, मझौला उद्योगलाई चालीस हजार रूपैंयाका दरले र ठूला उद्योगलाई पचहत्तर हजार रूपैंयाको दरले जरिवाना गर्न सक्नेछ ।

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अन्य कुनै प्रावधान उल्लंघन गरेमालघु उद्यम भए पन्ध्र हजार रुपैयाँसम्म, घरेलु तथा साना उद्योग भए पन्ध्र हजारदेखि तीस हजार रुपैंयाँसम्म, मझौला उद्योग भए तीस हजारदेखि पचास हजार रुपैंयाँसम्म र ठूला उद्योग भए पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(झ) दर्ता नगरी स्थापना र सञ्चालन गर्ने उद्योगले प्रचलित संघिय वा प्रादेशिक कानुन बमोजिमको कर दायित्व वा सजायबाट उन्मुक्ती पाउने छैन ।

(४) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न एकाईस दिनको समय दिनुपर्नेछ ।

**४२. कारवाही सम्बन्धी व्यवस्थाः** (१) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि तोकिएको अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सबुत पेश गर्न समय दिनुपर्नेछ ।

(२) यस परिच्छेद बमोजिम सजायको निर्णय गर्नका लागि तोकिएको अधिकारीलाई सरोकारवाला व्यक्तिहरू र नीजहरूका साक्षीहरूलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने, र निजहरूबाट लिखत गराउने समेत प्रचलित कानुन बमोजिमको अधिकार हुनेछ ।

**४३. पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा ४१ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद ९
## विविध

**४४. विशेष आर्थिक क्षेत्र सम्बन्धि व्यवस्थाः** औद्योगिक कृयाकलापलाई सघन रूपमा सञ्चालन गर्नका लागि प्रदेश सरकारले विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय क्षेत्र वा अन्य कुनै क्षेत्र रहने गरी प्रदेश राजपत्रमा सुचना प्रकाशन गरी प्रदेश भित्रको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्नेछ ।

**४५. अधिकार प्रत्यायोजनः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्रदेश सरकारलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकार प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकार अनर्तगतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निकायलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकार अधिकारप्राप्त निकायले आवश्यकता अनुसार कुनै कार्यालय वाप्रदेश सरकारको राजपत्राङ्कित अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**४६. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐन बमोजिमको काम कार्वाही गर्दा कुनै बाधा अड्काउ परेमा यस ऐनको विपरित नहुने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**४७. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः**प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**४८. यसै ऐन बमोजिम हुनेः**औद्योगिक व्यवसायको सम्बन्धमा यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ । अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**४९. नियम बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले यस ऐन र संघिय ऐनको प्रतिकुल नहुने गरी आवश्यक नियम बनाउन सक्नेछ ।

**५०. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः**प्रदेश सरकारले उद्योगको दर्ता, नियमन, औद्योगिक प्रदुषण नियन्त्रण, कामदारको स्वास्थ्य तथा सुरक्षा, औद्योगिक व्यवसायिक सुरक्षा, औद्योगिक

पुर्वाधार, अनुमति लिनुपर्ने उद्योगको व्यवस्थापन तथा प्रविधी हस्तान्तरण सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**५१. बचाउः**औद्योगिक व्यवसाय सम्बन्धमा योऐन लागू हुनुपूर्व प्रदेशमा भए गरेका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची–१

### (दफा १६ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

### घरेलु उद्योगहरु

१. ह्याण्ड लूम, पेडल लूम, सेमी—अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई(तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध–बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत वा रत्नपत्थर समेतलाई जनाउँने छ ।

८. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग /छालाबाट हस्त निर्मित वस्तुहरु,

९. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),

११. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईटा उद्योग ।

## अनुसूची–२

**(दफा १६ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)**

## ऊर्जा मुलक उद्योग

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, वायोमास वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन÷उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाइन,

३. विद्युत वितरण प्रणाली ।

## अनुसूची–३

## (दफा १६ को उपदफा (३) को खण्ड (ग) सँग सम्बन्धित)

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

१. फलफुल खेती वा फलफुल प्रशोधन,

२. खाद्यवस्तु प्रशोधन,

३. पशुजन्य तथा पंक्षीजन्य, पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

४. दूध तथा दूध उद्योग (दूधका परिकार उत्पादन समेत),

५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,

६. रेशम खेती तथा रेशम प्रशोधन,

७. चिया बगान, चिया प्रशोधन,

८. कफी खेती, कफी प्रशोधन,

९. जडिबुटी खेती, जडिबुटी प्रशोधन,

१०. तरकारी बीउ बिजन उत्पादन,

११. तरकारी खेती, तरकारी प्रशोधन,

१२. हरित गृह स्थापना र सञ्चालन,

१३. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१४. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

१५. नर्सरी व्यवसाय,

१६. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

१७. शीत भण्डार, कृषि बजार

१८. सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,

१९. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि),

२०. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

२१. वनस्पति उद्यान स्थापना र व्यवस्थापन,

२२. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

२३. बीउबिजन प्रशोधन,

२४. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित,

२५. फर्निचर तथा वन पैदावरमा अधारित उद्योग,

२६. निजी कृषि वन उदयोग,

२७. सिजनिङ उद्योग,

## अनुसूची–४

**(दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)**

**निर्माण उद्योग**

१. सडक, पुल, सुरुङ्ग,

२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार,

३. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,

४. सभा सम्मेलन केन्द्र,

५. ढल तथा ढल निकास,

६. खानेपानी आपूर्ति तथा वितरण,

७. सिँचाइ पूर्वाधार,

८. खेलकुद गृह, रङ्गशाला,

९. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

१०. कार्गो कम्प्लेक्स,

११. दूषित पानी प्रशोधन केन्द्र,

१२. घर तथा आवास भवन,

१३. फिल्म स्टुडियो निर्माण,

१४. व्यापारिक कम्प्लेक्स,

१५. एकिकृत आवास,

१६. स्विमिंग पुल ।

१७. क्रसर उद्योग व्यवसाय खोल्न कम्पनि प्रा.लि. व्यक्ति समेत जनाउने छ ।

**अनुसूची–५**

**(दफा १६ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)**

**पर्यटन उद्योग**

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा,

३. साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर रयाप्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग,गल्फ कोर्स, पोलो, पोनी टेकिङ्ग, पदयात्रा,

४. ग्रामीण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन,

५. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

६. मनोरञ्जन पार्क,

७. ट्राभेल तथा ट्रेकिंग र पर्यटक गाइड ।

## अनुसूची–६

## (दफा १६ को उपदफा (३) को खण्ड (छ) सँग सम्बन्धित)

## सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग

**खण्ड (क)**

**सूचना प्रविधि उद्योग**

१. टेक्नोलोजी पार्क,

२. आई.टि. पार्क,

३. सफ्टवेयर विकास,

४. कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

५. तथ्याङ्क प्रशोधन,

६. साइवर क्याफे,

७. डिजिटल म्यापिङ्ग,

८. विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),

**खण्ड (ख)**

**सूचना प्रसारण प्रविधिमा आधारित उद्योग**

१. १०० वाटसम्मका एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

२. रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

३. प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

४. सिनेमा उत्पादन, वितरण र प्रसारण सम्बन्धी

५. सिनेमाहल, मल्टिप्लेलक्स सिनेमा हल,

६. केबलमा अधारित टेलिभिजन,

७. इन्टरनेट ।

## अनुसूची–७

### (दफा १६ को उपदफा (३) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कशप),

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,

४. प्रदर्शनी सेवा,

५. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

६. निर्माण व्यवसाय,

७. सार्वजनिक यातायात व्यवसाय,

८. फोटोग्राफी,

९. अस्पताल,

१०. नर्सिङ्ग होम,

११. शिक्षण एवं प्रशिक्षण संस्था,

१२. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

१३. प्रयोगशाला,

१४. खेलकूद सेवा,

१५. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),

१६. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,

१७. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,

१८. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

१९. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

२०. पशु चिकित्सा सेवा,

२१. व्याट्री रिचार्जिङ्ग,

२२. स्वास्थ्य परीक्षण (एक्स–रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

२३. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

२४. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

२५. कार्गो व्यवसाय,

२६. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्यांस रिफिलिङ्ग गर्ने स्टेशन समेत),

२७. कुरियर सेवा,

२८. ड्राइक्लिनिङ्ग व्यवसाय,

२९. व्यूटी पार्लर,

३०. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

३१. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

३२. प्रकाशन सेवा,

३३. विज्ञापन सेवा,

३४. विज्ञापन सामग्री तयार गर्ने सेवा,

३५. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,

३६. स्वाइल टेष्टिङ्ग सेवा,

३७. स्वास्थ्य (हेल्थ) क्लव,

३८. पानी ढुवानी तथा वितरण सेवा,

३९. जुलोजिकल पार्क सञ्चालन,

४०. जियोलोजिकल पार्क सञ्चालन,

४१. व्यवसाय सम्वद्र्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),

४२. व्यापारिक कम्प्लेक्स सञ्चालन,

४३. वायोटेक पार्क,

४४. मल्टिप्लेक्स थियटर,

४५. सिलाई बुनाई,

४६. ढुवानी सेवा,

४७. नक्सा डिजाइन सम्बन्धी सेवा,

४८. अनुसन्धान तथा विकास सेवा ।

## अनुसूची–८
### (दफा १८ सँग सम्बन्धित)

**प्रादेशिक प्राथमिकताप्राप्त उद्योग**

१. उर्जामूलक उद्योगहरु,

२. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

३. निर्माण उद्योग,

४. निर्यातमूलक उद्योग,

५. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी टेकिङ, पदयात्रा पर्यटन, वाटर रयाफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन,

६. सर्पदंश उपचार सम्बन्धी उद्योग,

७. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

८. दुर्गम तथा कम विकसित क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङहोम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु,

प्रदेश सभाको सम्बत् २०७६ जेष्ठ २९ गते बुधबारका दिन बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७६।०३।१७

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणित गर्दछु ।

मिति :-.......................... माननीय मोहनराज मल्ल
प्रदेश प्रमुख